## हेलम्बु गाउँपालिका

# हेलम्बु राजपत्र

खण्डः ७ संख्याः ६ मिति :२०८१/०४/१५

भाग — ३

## "हेलम्बु गाउँपालिकाको

## हेलम्बु गाउँपालिकाको कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"

# हेलम्बु गाउँपालिकाको कृषि विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

हेलम्बु गाउँपालिकाका कृषकहरुलाई कृषि पेशातर्फ आकर्षित गरी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर तथा सम्भाव्य बालीहरु निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन कृषक लक्षित क्रियाकलापको माध्यमबाट कृषि सम्बन्धी कार्यक्रम कार्यान्वयनलाई सहज बनाउन वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ स्थानीय सरकार सञ्चालन एन, २०७४ को दफा १०२ को उपदफा बमोजिम हेलम्बु गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको "हेलम्बु गाउँपालिकाको कृषि विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८०" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/१४ गते**

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "हेलम्बु गाउँपालिकाको कृषि विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ।

यो एन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका कार्यालय, हेलम्बुलाई सम्झनुपर्दछ।

ख. "कार्यालय" भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा हेलम्बु गाउँपालिकालाई सम्झनुपर्दछ।

ग. "पहिलो पक्ष" भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनुपर्दछ।

घ. "दोस्रो पक्ष" भन्नाले कृषक/कृषि समूह/सहकारी/फर्म/टोल विकास समिति वा अनुदानग्राही सम्झनुपर्दछ।

ङ. "अनुदानग्राही" भन्नाले व्यवसायिक तथा पोषण सुरक्षाका लागि सामूहिक वा व्यक्तिगत रुपमा खाद्यान्न, तरकारी, फलफुल खेती, पशुपालन तथा मल आदि कार्यालयबाट अनुदान लिने कृषक/कृषि समूह/सहकारी/फर्म/टोल विकास समिति तथा कृषि उद्यमीलाई सम्झनुपर्दछ।

च. "कार्यक्रम" भन्नाले गाउँपालिका क्षेत्रभित्र खाद्यान्न, तरकारी, फलफुल खेती, पशुपालन, रैथाने बाली प्रवर्द्धन तथा मल अनुदान कार्यक्रम वा माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामाग्री सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सम्झनुपर्दछ।

छ. "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्ययोजना सहितको विवरणलाई सम्झनुपर्दछ।

ज. “सेवाग्राही” भन्नाले कृषि प्रर्वद्धनको लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि कार्यालयबाट कृषिजन्य सहुलियत प्राप्त गर्ने कृषकलाई सम्झनुपर्दछ।
झ. “वडा” भन्नाले हेलम्बु गाउँपालिका भित्रका सबै वडा कार्यालयलाई सम्झनुपर्दछ।
ञ. “सहकारी” भन्नाले कृषि व्यावसाय प्रर्वद्धनमा टेवा पुर्याउने कृषि सहकारी, दुग्ध सहकारी, चिया/कफी सहकारी लगायतका सहकारीलाई सम्झनुपर्दछ।
ट. “रासायनिक मल” भन्नाले युरिया, डिएपी, पोटास लगायत कृषि उत्पादनमा सहयोगी हुने मललाई सम्झनुपर्दछ।
ठ.“बर्षे फलफुल” भन्नाले असार-श्रावण महिनामा रोपण गरिने फलफुलका विरुवा सम्झनुपर्दछ।
ड.“हिउँदे फलफुल” भन्नाले पुष-माघ महिनामा रोपण गरिने फलफुलका विरुवा सम्झनुपर्दछ।
ढ. “कृषि सामाग्री” भन्नाले खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली तथा तरकारी बाली, बिउ, हिउँदे तथा बर्षे फलफुलका विरुवा, प्लाष्टिक टनेल, सिंचाई पाइप, सिंचाई मोटर, पम्पसेट, मेसिनरी औजार, रासायनिक मल वा जैविक मल, मौरीघार, च्याउ बिउ, बिषादी लगायत कृषि प्रर्वद्धनमा सहयोग पुर्याउने सामाग्रीलाई सम्झनुपर्दछ।
ण. “जैविक मल” भन्नाले प्राङगारिक मल, भर्मीकम्पोष्ट मल, कम्पोष्ट मल आदिलाई सम्झनुपर्दछ।
त. “व्यवसायिक तरकारी खेती” भन्नाले २ रोपनी भन्दा बढी क्षेत्रफलमा लगाईएको तरकारी खेतीलाई सम्झनुपर्दछ।
थ. “पोषण सुरक्षा” भन्नाले दैनिक आफ्नो घरपरिवारमा उपभोग हुने खाद्यान्नमा प्रयोग हुने खाद्य सामाग्री उत्पादनको लागि पालन गरिएको पशुपंक्षी पालन लगाईएको फलफुल विरुवा, तरकारी बाली, खाद्यान्न बालीलाई सम्झनुपर्दछ।
द. “पकेट क्षेत्र” भन्नाले उत्पादनको अनुकुल हेरी कृषि अध्ययनबाट क्षेत्रगत उत्पादनको लागि तोकिएको विशेष उत्पादन क्षेत्रलाई सम्झनुपर्दछ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रक्रिया

**३. सेवाग्राही छनौटः**

**३.१ प्राथमिक क्षेत्र तथा बाली**

**१. सम्भाव्य पकेट क्षेत्रलाई प्राथमिकताः** कार्यक्रम संचालन गर्दा गाउँपालिका कार्यालयको कृषि विकास शाखाले विभिन्न मापदण्डहरु र वडा कार्यालयको सिफारिसलाई आधार मानी सम्भाव्य खाद्यान्न, तेलहन, दलहन, मसला, फलफुल, तरकारी बाली तथा दुग्ध पकेट क्षेत्रलाई प्राथामिकता दिई अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

तर, यसले साना किसान तथा अन्य सम्भाव्य क्षेत्रहरुमा पोषण सुरक्षा वा व्यवसायिक दृष्टिले गर्न खोजिने खाद्यान्न वा तरकारी खेतीलाई बाधा पुर्याएको मानिने छैन्।

**<u>२. व्यवसायिक महत्व बोकेका बालीलाई प्राथमिकताः</u>** कार्यक्रम संचालन गर्दा व्यवसायिक महत्व बोकेका खाद्यान्न, मसला, तेलहन, दलहन, फलफुल तथा तरकारीलाई विशेष महत्व दिई वडा कार्यालयको सिफारिसमा कार्यक्रम संचालन गर्नुपर्नेछ।

**<u>३.२ छनौट समिति र कार्यक्रम छनौटः</u>** हेलम्बु गाउँपालिकाको आर्थिक विकास समिति वा कृषि विकास कोष समितिसँग कृषि विकास शाखाले छनौट मापदण्डका आधारमा छनौट गरी कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

**<u>४. प्रस्ताव तथा माग संकलनः</u>**

४.१ कृषकको लागि आवश्यक कृषि सामाग्री मागको लागि गाउँपालिकाको कृषि विकास शाखाबाट सूचना प्रकाशन (गाउँपालिकाको सूचनापाटी, वेबसाइट, पेज वा स्थानीय पत्रपत्रिकामा प्रकाशन तथा स्थानीय रेडियोबाट प्रशारण) गरी सूचना बमोजिम कृषि सामाग्रीको माग कृषि विकास शाखाले संकलन गर्नेछ।

४.२ फलफुल खेतीको हकमा शर्तहरु उल्लेख गरी सम्भव भएसम्म सिजन भन्दा कम्तिमा २ महिना अगाबै सबैको पहुँच हुने गरी कृषि विकाश शाखाबाट १५ दिने सूचना प्रकाशन गरी सम्पूर्ण वडा कार्यालयहरुमा सूचना पठाई टास गर्ने वा आमसञ्चार माध्यमबाट १५ दिने सूचना जारी गरेर माग संकलन गर्नुपर्नेछ।

**<u>५. कृषि सामाग्री खरिदः</u>**

५.१. खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली, दुग्द तथा मासु उत्पादनमा टेवा पुग्ने सामाग्री व्यवसाय, तरकारी तथा फलफुल विरुवा, बिउबिजन, रासायनिक मल, विषादी वा कुनै पनि कृषि सामाग्री खरिद गर्दा नेपाल सरकारका स्वामित्व भएका संस्थान वा कम्पनिबाट सोझै खरिद गर्न सकिनेछ। निजी फर्म, कम्पनी तथा श्रोत केन्द्रबाट खरिद गर्दा कृषि विकास शाखाको माग बमोजिम गाउपालिकाको खरिद इकाईले प्रचलित खरिद सम्बन्धि कानुन बमोजिम खरिद गरी कृषि विकास शाखालाई उपलब्ध गराउनेछ। तर रासायनिक मल खरिद गर्दा तोकिएको सार्वजनिक संस्थान बाहेक अन्यत्रबाट खरिद गर्न पाईने छैन।

## <u>परिच्छेद-३</u>

## <u>६. कृषि सामाग्रीमा अनुदान सम्बन्धि प्रक्रिया</u>

**<u>६.१. कृषि सामाग्री अनुदानः</u>**

१. कृषि सामाग्री खरिद मुल्यमा स्वीकृत बजेटमा उल्लेख भएको वा गाउँकार्यपालिकाको निर्णय अनुसारको प्रतिशत बराबरको रकम अनुदान उपलब्ध गराईनेछ।

२. व्यावसायिक फलफुल बगैचा स्थापना तथा व्यवस्थापन (खाडल खन्ने, मलखाद, विषादी, घेराबार, सिंचाई, मेसिनरी औजार) मा स्वीकृत बजेटमा उल्लेख भएको वा गाउँकार्यपालिकाको निर्णय अनुसारको अनुदान रकम प्रदान गर्न सकिनेछ।

३. तरकारी, खाद्यान्न उत्पादन फर्म स्थापना तथा व्यवस्थापन (बीउको मूल्य, घेराबार, सिंचाई, प्लाष्टिक टनेल, मलखाद, विषादी, मेसिनरी औजार) मा स्वीकृत बजेटमा उल्लेख भएको वा गाउकार्यपालिकाको निर्णय बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ।

४. दुग्ध उत्पादन तथा मासु उत्पादन व्यवसाय (कृषि तथा पशुपालन फर्म)को लागि व्यवसाय प्रवर्द्धन तथा उत्पादन क्षमता बृद्धि गर्न प्रत्यक्ष टेवा पुग्ने वस्तु तथा औजारमा स्वीकृत बजेटमा उल्लेख भएको वा गाउकार्यपालिकाको निर्णय बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ।

५. पोषण सुरक्षाको लागि मात्र माग भएका फलफुल विरुवा तथा तरकारी, खाद्यान्न बिउको हकमा विरुवाको मूल्य वा बिउको मूल्यमा स्वीकृत बजेटमा उल्लेख भएको वा गाउकार्यपालिकाको निर्णय बमोजिमको अनुदान रकम प्रदान गर्न सकिनेछ।

**६.२. कृषि सामाग्री ढुवानी अनुदानः** कृषि सामाग्रीहरु लोड, अनलोड वा ढुवानी गर्दा श्रोत केन्द्रबाट वितरण केन्द्रसम्म स्थानीय दररेट वा जिल्ला दररेट अनुसार शत प्रतिशत ढुवानी अनुदान उपलब्ध गराईनेछ।

**६.३. विरुवा मोर्टालिटीः** विरुवाको श्रोत केन्द्रबाट वितरण केन्द्रसम्म ढुवानी गरिदा विरुवा भाचिएका वा काम नलाग्ने भएका संख्या यकिन गरी कार्यालय प्रमुखको उपस्थितिमा मुचुल्का तयार गरी उक्त विरुवाको परल मूल्य अनुदान उपलब्ध गरईनेछ।

**७. कृषि सामाग्री वितरणः** गाउँपालिकाबाट वितरण हुने कृषि सामाग्रीको अनुदान प्राप्तिको लागि कृषि विकास शाखाबाट माग भएको सूचना बमोजिम माग गर्ने कृषक/समूह/सहकारी को माग स्वीकृत भएको जानकारी गराई अनुदान प्राप्त गर्ने भन्दा बाहेकको रकम गाउँपालिकाको संचित कोष खातामा जम्मा गराउनु पर्नेछ।

यसरी जम्मा गरेको रकमबाट खरिद हुने कृषि सामाग्रीहरु दफा (५) बमोजिमको प्रक्रिया अवलम्बन गरी खरिद गर्नुपर्नेछ।

७.१ वर्षा सिजनमा मकै, धान र तरकारी बालीका बिउ र मल वितरण गर्नुपर्नेछ भने हिउँदे सिजनमा आलु, गहुँ, तरकारी बालीको बिउ र मल वितरण गरिनेछ।

७.२ सहकारीले अनुसूची (२) बमोजिम वितरण भर्पाइ अवलम्बन गर्नुपर्नेछ।

७.३ रासायनिक मल वितरण गर्दा कृषि सहकारीको शेयर सदस्य लगायत अन्य कृषकहरुलाई पनि बिना भेदभाव समानुपातिक ढंगबाट वितरण गर्नुपर्नेछ।

७.४ चालु सिजनका बाली लगाउदा आवश्यक मल बाहेक अर्को सिजनका लागि चाहिने मल संचय गर्न वा संचय हुने गरी वितरण गर्न पाइने छैन।

७.५ कृषि सहकारीले गाउँपालिका क्षेत्रभित्र रहेका जमिनका लागि बाहेक अन्यत्र बिक्री वितरण गर्न पाइने छैन।

७.६ फलफुलको हकमा खाल्डो खनेको स्थलगत अनुगमन गरेर मात्र वा बेर्ना उपलब्ध गराइनेछ।

७.७ सेवा शर्त र सम्झौता गाउँकार्यपालिकाबाट कृषि सामाग्री अनुदानका लागि छनौट भएका कृषक, कृषक समूह, सहकारी, कृषि फर्म, टोल विकास समिति तथा कम्पनिले मात्र अनुसूची (१) बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। पाउने सेवा शर्त र सुबिधा तोके बमोजिम हुनेछ।

**८. भुक्तानी प्रक्रियाः** दोस्रो पक्षले अनुदानको कृषि सामाग्री वितरण गरिसके पश्चात वितरण गरेको भर्पाई, खरिद बिल र वडा कार्यालयको सिफारिसको आधारमा हेलम्बु गाउँकार्यपालिकाको कार्यालयमा भुक्तानीको लागि निवेदन दिई वितरण भएको कृषि सामाग्री तथा मलको जम्मा मुल्यमा तोकिएको प्रतिशत रकम भुक्तानी लिन सक्नेछ वा पालिकाबाट खरिद गरी कृषकलाई वितरण गरेको खण्डमा भर्पाई, खरिद बिल र फोटोहरु समेत उपलब्ध हुनुपर्नेछ। गाउँपालिकाको कृषि विकास शाखाले कार्यालयबाट नै संचालन गरेको कार्यक्रममा वडाको सिफारिस आवश्यक हुनेछैन।

**९. व्यवस्थापन शुल्कः** कृषि सामाग्री वितरणको अवस्थामा कार्यालय, वडा कार्यालय वा कृषि सहकारीलाई प्रचलित नियम अनुसार व्यवस्थापन खर्च उपलब्ध गरईनेछ।

**१०. कृषि सामाग्री अनुदानका लागि छनोटका मुख्य आधारहरुः**

१. सम्भाव्य तथा प्राथमिकतामा परेका पकेट क्षेत्रका मागहरु

२. जग्गा भाडामा लिई खेति गर्ने कृषक समूह, सहकारी वा कृषि फर्महरु

३. समूह, सहकारी तथा दर्ता भएका फर्महरु

४. लक्षित वर्ग (दलित,जनजाती,महिला,अपाङ्ग) का कृषक तथा फर्महरु

५. विदेशबाट फर्किएका युवाहरुबाट सञ्चालन गरिने कृषि फर्महरु

६. बाँझो, सरकारी तथा सामुदायिक जमिनमा सम्बन्धित निकायसँग समन्वय गरी खेती गर्न चाहाने युवा कृषक तथा फर्महरु

७. बिउ उत्पादनका लागि मल र बिउको प्रमुख सुनिश्चितता भएको कृषक तथा फर्महरु

८. गाउँपालिकाको पहाडी भुभागमा कम्तिमा ५ रोपनी भन्दा ठूलो बगैंचा वा कम्तिमा ३०० विरुवा रोप्ने बगैंचा। तरकारीको हकमा भने २ रोपनी भन्दा धेरै भएकोलाई प्राथमिकता दिनुपर्ने।

९. विगतका २ वर्षमा कुनै पनि अनुदान प्राप्त नगरेको आवेदकलाई विशेष प्राथामिकता।

१०. तरकारी (उच्च प्रविधिको संरचना, टनेल बनाई) खेतीको लागि थप मापदण्डहरु बनाई छनौट गरिनेछ।

## परिच्छेद-४

## विविध

**११. गुणस्तरीयताः** गाउँपालिकाले अनुदान दिने कृषि सामाग्रीको गुणस्तरीयतालाई ख्याल गर्नुपर्नेछ। सोको लागि तोकिएका सम्बन्धित पदाधिकारी र कर्मचारीहरुबाट आवश्यकता अनुसार अनुगमन गर्नेछ।

**१२. दैनिक भ्रमण खर्चः** बिउ विरुवा वा कृषिजन्य सामाग्री खरिद, वितरण तथा अनुगमन प्रक्रियामा गाउँपालिकाबाट खटिईने कर्मचारीले कार्यालय प्रमुखको आदेश र कार्यालयको नियमानुसार दैनिक भ्रमण खर्च पाउन सक्नेछ।

**१३. अनुगमन/मुल्याङ्कनः** गाउँपालिकाका उपाध्यक्ष वा सम्बन्धित क्षेत्र हेर्ने आर्थिक विकास संयोजकत्वको अध्यक्षतामा कृषि शाखा प्रमुखको सदस्य सचिव रहने गरी अनुगमन समिति गठन गरी सो समितिबाट तोकिएअनुसार कृषि अनुदानको उपयोग गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्नेछ। अनुगमनमा खटिए बापत समितिका पदाधिकारीहरुलाई कानून बमोजिम दैनिक भत्ता उपलब्ध हुनेछ।

**१४. कारबाहीको व्यवस्थाः**

१. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराईनेछैन।

२. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

३. यस्ता अनुदानग्राहीलाई भविष्यमा सेवा सुविधा नदने गरी कालो सूचीमा राखिनेछ।

४. कार्यालयसँग सम्झौता गरी खरिद तथा वितरणको जिम्मा पाएका कृषि सहकारीले कुनै अनियमितता गरेको पाइएमा (मल अर्को सिजनका लागि स्टोर हुने गरी खरिद बिल तथा झुटा भर्पाई बनाएको) कार्यालयले भुक्तानी रोक्ने तथा थप कारबाही गर्न सक्नेछ।

५. रासायनिक मल सहकारीले कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन बाहेक अन्यत्रबाट खरिद गरेको पाईएमा कर्यालयबाट भुक्तानी हुने छैन्।

**१५. बाधा बड्काउ फुकाउनेः**

क. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार हेलम्बु गाउँ कार्यपालिकाको हुनेछ।

ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

<u>अनुसूची(१)</u>

<u>दफा ७(७.७) सँग सम्बन्धित</u>

**सम्झौता पत्रको नमूना**

**हेलम्बु गाउँकार्यपालिकाको कार्यालय, बागमती प्रदेश, हेलम्बु सिन्धुपाल्चोक र**

श्री ............................................................ बीच

............................................................... संचालनको लागि सम्झौता पत्र।

यो सम्झौता पत्र .............................. कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र ................................... कृषक/समूह/सहकारी संस्था .... वडा नं ............... टोल (यस पछिको दोस्रो पक्ष भनिएको) तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति .................. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति ................. गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

२. यस सम्झौता बमोजिमको ................................ कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन्।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टमेट अनुसारको कार्य सञ्चालन गर्न बढीमा तीन किस्ता वा एकमुष्ट रकम रु...................(अक्षरुपी ............................) देहाय बमोजिम भुक्तानी गरिनेछ।

४. सम्झौता बमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु................ (अक्षरुपी.............................) र दोस्रो पक्षको लागत सहभागिता रु...............(अक्षरुपी.......................................) व्यहोरिने छ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको .................... कार्यक्रमका लागि सम्झौतामा समावेश गरिंएको श्रोतबाहेक अन्य कुनै सरकारी, गैरसरकारी संघसंस्थाबाट सहयोग, अनुदान आदिप्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्रविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. प्रथम पक्षले तोकेको ढाँचा अनुसार कार्यक्रमको वितरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले पाटी/होर्डिङ बोर्ड राख्नुपर्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सम्पन्नसम्मको सम्पूर्ण कार्यको अभिलेख राखेको हुनुपर्नेछ।

९. प्रथम पक्ष समक्ष रकम भुक्तानीको निवेदन पेश गर्दा सम्पूर्ण कागजपत्र सहित रंगिन फोटोहरु समेत संलग्न राखी पेश गर्नुपर्नेछ।

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदाँ प्रथम पक्ष समक्ष विल पेश गरेपछी सम्बन्धित दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ।

११. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

१२. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१३. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नुपर्नेछ।

१४. दोस्रो पक्षले अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने गरी लेख्नुपर्नेछ।

१५. दुवै पक्षबीच सम्झौता भएको मिति देखी लागू हुने गरी प्रथम पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

१६. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित एन नियमानुसार हुनेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम : | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**साँक्षी**

दस्तखतः

नाम :

पदः

मितिः

कार्यालयको छापः

## अनुसूची-२

## दफा ७.२ सँग सम्बन्धित

| क्र.स. | कृषकको नाम | ठेगाना | लगाईने बाली | उपलब्ध जमिन | आवश्यक बिउ (के.जी.) | | | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | धान | मकै | गहुँ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आज्ञाले,**

**राजुभाइ श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**

# <u>अनूसुची-३</u>

मितिः ......../...../...... गते

श्रीमान प्रशासकीय प्रमुख ज्यू,
हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक।

विषयः **कार्यक्रमा सहभागी हुन पाउँ भन्ने बारेमा।**

प्रस्तुत विषयमा हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. .................. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ...........................................कार्यक्रम शीर्षकबाट......................... अनुदानमा ............................. कार्यक्रम रहेकोले मिति ........................... गतेको सूचना अनुसार उक्त कार्यक्रममा सहभागी हुन पाउँ भनी श्रीमान समक्ष निवेदन पेश गर्दछु।

**तपसिलः**

१.

२.

**निवेदकः**

नाम/थरः
ठेगानाः
सम्पर्क नंः

# अनूसुची-४
# प्रतिबद्धता पत्र

.............................................. को मिति ....................................... को सूचना अनुसार ........................................... कार्यक्रम संचालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा यस गाउँपालिकाको कृषि विकास शाखाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुल बुझाउँला। साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

ठेगानाः

सम्पर्क नंः

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |